नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३३
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार (स्थापना-२०८१)

पत्र संख्या :
चलानी नं. :

मितिः २०८२/०६/१०

## सूचना

श्री सम्पूर्ण सरोकारवाला निकायहरु,

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्न तथा सहकारी ऐन, २०७४ को दफा २०क. बमोजिमको वर्गिकरण प्रयोजन समेतको लागि संस्थाको अभिलेखीकरण गरी कार्य सञ्चालन इजाजतपत्र प्रदान गर्न वाञ्छनीय भएकोले यस प्राधिकरणको मिति २०८२/०५/०९ गतेको निर्णयबाट " **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ (प्रथम संशोधन)**" स्वीकृत गरी यसैसाथ संलग्न बमोजिमको मापदण्ड जारी गरिएको हुँदा सोहि बमोजिम गर्नु/गराउनु हुन सहकारी ऐन, २०७४ को दफा १०३ज. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

साथै, बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले प्राधिकरणबाट अर्को सूचना जारी भए पश्चात् संलग्न मापदण्डको **अनुसूची-१** बमोजिमको विवरण विद्युतीय प्रणाली मार्फत प्रविष्ट गर्नुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८२/०६/१०
डा. शेषनारायण पौडेल
(कार्यकारी निर्देशक)

**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२**

स्वीकृत मितिः २०८२।०४।०५
प्रथम संशोधन मितिः २०८२।०५।०९

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको प्रभावकारी नियमन, अनुगमन तथा सुपरिवेक्षण गर्न तथा सहकारी ऐन, २०७४ को दफा २०क. बमोजिमको वर्गिकरण प्रयोजन समेतको लागि सस्थाहरुको अभिलेखीकरण गरी कार्य सञ्चालन इजाजतपत्र प्रदान गर्न वाञ्छनीय भएकोले, सहकारी ऐन, २०७४ को दफा १०३ज. को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सहकारी नियमन प्राधिकरणले देहाय बमोजिमको मापदण्ड जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड प्राधिकरणले स्वीकृत गरी सूचना जारी गरेको मिति देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "अभिलेखीकरण" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई ऐनको दफा १०३ज. को उपदफा (१) को खण्ड (क) तथा प्राधिकरणवाट जारी दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ अनुसारको दर्ता अभिलेखीकरण सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) "नवीकरण" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई यस प्राधिकरणवाट प्रदान गरेको सञ्चालन इजाजतपत्रलाई प्राधिकरणले तोकेको प्रक्रिया अनुसार गरिएको नवीकरण सम्झनु पर्छ।

(घ) "प्राधिकरण" भन्नाले ऐनको दफा १०३ क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(च) "मुख्य कारोबार" भन्नाले सहकारी संस्थाले सञ्चालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ।

(छ) "विद्युतीय प्रणाली" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण लगायतको प्रयोजनको लागि प्राधिकरणले विकास गरेको विद्युतीय प्रणालीहरूलाई सम्झनु पर्छ।

(ज) "सञ्चालन इजाजतपत्र" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको सञ्चालन इजाजतपत्र वा कारोबार गर्न प्रदान गरेको स्वीकृतिपत्र वा अनुमतिपत्र सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी व्यवस्था

३. सहकारी संस्थाको दर्ता अभिलेखीकरण गर्नुपर्नेः (१) संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणमा दर्ता अभिलेखीकरण गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमका सहकारी संस्थाले प्राधिकरणको विद्युतीय प्रणालीमार्फत अनुसूची-१ बमोजिमको विवरण प्रविष्ट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अभिलेखीकरण हुने सहकारी संस्थाले अनुसुची-२ बमोजिमको दस्तुर तोकिएको बैंक खातामा जम्मा गरी सो को भौचरप्रति विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दर्ता हुने सहकारी संस्थाले प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेको मितिले ६० दिनभित्र विद्युतीय प्रणालीमा विवरण प्रविष्ट गरिसक्नु पर्नेछ।

तर विशेष परिस्थितिको अवस्थामा प्राधिकरणले समयावधि थप गर्न सक्नेछ।

४. सहकारी संस्थाको सञ्चालन इजाजतपत्रः (१) दफा ३ बमोजिम दर्ता अभिलेखीकरण हुने सहकारी संस्थाले अनुसूची-१ बमोजिम प्रविष्ट गरेको विवरण रुजु गरी प्रक्रिया पुरा भएका सहकारी संस्थालाई अनुसूची- ३ बमोजिमको ढाँचामा विद्युतीय प्रणाली मार्फत सञ्चालन इजाजतपत्र जारी गर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघ, प्रदेश र स्थानीय सरकारले समस्याग्रस्त घोषणा गरी कारबाहीको प्रक्रियामा रहेका सहकारी संस्थालाई दर्ता अभिलेखीकरण प्रक्रियामा समावेश गरिने छैन।

(३) यस दफा बमोजिम सञ्चालन इजाजतपत्र प्राप्त नगरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

५. नवीकरणः यस प्राधिकरणबाट सञ्चालन इजाजतपत्र प्राप्त सहकारी संस्थाले प्रत्येक वर्षको श्रावण मसान्तभित्र प्राधिकरणले निर्धारण गरेको प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

## परिच्छेद-३

## विविध

६. प्राधिकरणले थप विवरण माग गर्न सक्नेः (१) प्राधिकरणले सहकारी संस्थाको दर्ता अभिलेखीकरण र इजाजतसँग सम्बन्धित आवश्यक थप विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण सम्वन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ।

७. मापदण्डमा हेरफेर गर्न सक्नेः प्राधिकरणले आवश्यकता अनुसार यस मापदण्डलाई हेरफेर गर्न सक्नेछ।

८. प्रचलित कानून **बमोजिम** हुनेः यस मापदण्डमा व्यवस्था भए बाहेक अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना २०८१)
नेपाल सरकार

# अनुसूची-१

## (दफा-३ को उपदफा (२) सँग सम्बन्धित)

## सहकारी संस्थाको दर्ता अभिलेखीकरणका लागि आवश्यक विवरण

| क्र.स. | (क) आधारभूत विवरण | कैफियत |
|---|---|---|
| १. | सहकारी संस्थाको नाम ( नेपाली र अंग्रेजीमा), ठेगाना, सम्पर्क नं., इमेल, कार्य प्रकृति, दर्ता मिति, दर्ता भएको कार्यालय र ठेगाना, कार्यरत कर्मचारी संख्या | |
| २. | वेबसाइट र सफ्टवेयरको नाम | |
| ३. | शेयर सदस्य संख्या र कूल शेयर रकम | |
| ४. | कार्यान्वयनमा रहेको विनियम/कार्यविधि/नीतिको नाम तथा जारी मिति | |
| ५. | सञ्चालक समितिको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं., व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला/राष्ट्रिय परिचयपत्र नं, पदावधि (शुरु मिति र अन्तिम मिति) | |
| ६. | लेखा सुपरिवेक्षण समितिको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं., व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला/राष्ट्रिय परिचयपत्र नं, पदावधि (शुरु मिति र अन्तिम मिति) | |
| ७. | प्रमुख कार्यकारी अधिकृत वा महाप्रवन्धक वा व्यवस्थापक वा प्रवन्धकको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं, व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला/राष्ट्रिय परिचयपत्र नं, शैक्षिक योग्यता र सम्वन्धित कामको अनुभव, पदमा कार्यरत अवधि) | |
| ८. | सञ्चालनमा रहेका इकाई/सेवा केन्द्रको विवरण (ठेगाना, सम्पर्क नं.) | |
| ९. | कार्यक्षेत्र | |
| १०. | सहकारी संस्थाको दर्ता प्रमाणपत्र र स्थाई लेखा नम्बर प्रमाणपत्र | |
| ११. | अद्यावधिक करचुक्ता प्रमाणपत्र | |
| १२. | रकमको आधारमा ठूला १०० शेयर सदस्यको विवरण (नाम, ठेगाना र शेयर रकम) | |
| १३. | रकमको आधारमा ठूला १०० बचतकर्ता सदस्यको विवरण (नाम, ठेगाना र बचत रकम) | |
| १४. | रकमको आधारमा ठूला १०० ऋणी सदस्यको विवरण (नाम, ठेगाना र ऋण रकम) | |
| | | |

| क्र.स. | (ख) वित्तीय विवरणः<br>गत दुई आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण | कैफियत |
|---|---|---|
| १. | शेयर पूँजी | |
| २. | जगेडा तथा कोषहरु (जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रवर्धन कोष, अन्य कोष) | |
| ३. | कूल जोखिम भारित सम्पत्ति तथा पूजी कोषको विवरण (प्राथमिक पूँजी कोष/ अनुपात र कूल पूँजी कोष/अनुपात) | |
| ४. | सहकारी संस्थाले निजी कम्पनी र घर जग्गामा गरेको लगानी | |
| ५. | कूल निक्षेप (साधारण, नियमित र आवधिक) र कूल ऋण प्रवाह (असल, कमसल, शंकास्पद, खराब,) तथा कूल ऋण नोक्सानी व्यवस्था (वर्गीकरण अनुसार) | |
| ६. | ऋण पुनर्तालिकीकरण (रकम र संख्या) | |
| ७. | निष्कृय कर्जा रकम र अनुपात | |
| ८. | कूल सम्पत्ति र कूल दायित्व | |
| ९. | कूल संचालन आम्दानी तथा खर्च र अन्य आम्दानी तथा खर्च | |
| १०. | खुद नाफा/नोक्सान | |
| ११. | लेखापरीक्षकको नाम, ठेगाना, सम्पर्क नं र आइक्यान सदस्यता नं., | |
| क्र.स. | (ग) अन्य विवरण | कैफियत |
| १. | पछिल्लो दुई वर्षको साधारण सभा सम्पन्न भएको मिति, उपस्थिति संख्या र उपस्थिति प्रतिशत | |
| २. | गत आर्थिक वर्षमा सञ्चालक समितिको बैठक बसेको कूल संख्या | |
| ३. | संघहरुसँगको आवद्धताको विवरण | |
| ४. | विवरण प्रविष्टी गर्नेको नाम, पद, सम्पर्क नं, मिति | |
| ५. | विवरण रुजु गर्नेको नाम, पद, सम्पर्क नं, मिति | |
| ६. | कार्यकारी प्रमुखको स्वघोषणाः<br>माथि उल्लेखित विवरण ठीक साँचो हो। फरक परेमा कानुनबमोजिम सहुँला बुझाउँला। | |

## अनुसूची-२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### सहकारी संस्था दर्ता अभिलेखीकरण/सञ्चालन इजाजतपत्र दस्तुर

| क्र.स | सहकारी संस्थाको वर्गीकरण | रकम रु. |
|---|---|---|
| | गत आर्थिक वर्षको अडिटेड वित्तीय विवरण अनुसार कूल सम्पत्ति वा कूल पूँजि तथा दायित्वः | |
| १. | २ करोडसम्म | १,००० |
| २. | २ करोड भन्दा बढी १० करोडसम्म | ३,००० |
| ३. | १० करोड भन्दा बढी २५ करोडसम्म | ५,००० |
| ४. | २५ करोड भन्दा बढी ५० करोडसम्म | ७,००० |
| ५. | ५० करोड भन्दा बढी १ अर्बसम्म | १०,००० |
| ६. | १ अर्ब भन्दा बढी | १५,००० |

दस्तुर जम्मा गर्ने बैंक खाताको विवरणः

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक (पुल्चोक शाखा, ललितपुर)

खाताको नामः राष्ट्रिय सहकारी नियमन प्राधिकरण (Rastriya Sahakari Niyaman Pradhikaran)

खाता न. ११४०१००१०२१००२०१

**अनुसूची-३**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

सहकारी संस्थाको सञ्चालन इजाजतपत्रको ढाँचा

राष्ट्रिय सहकारी नियमन प्राधिकरण (**National Cooperative Regulatory Authority**)

पुल्चोक, ललितपुर (Pulchowk, Lalitpur)

**सहकारी संस्थाको सञ्चालन इजाजतपत्र (Operative License of Co-operative)**

**इजाजतपत्र नं.:**

**बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड,** २०८२ को दफा ४ बमोजिम देहायको सहकारी संस्थालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण गरी यो सञ्चालन इजाजतपत्र जारी गरिएको छ।

| | |
|---|---|
| सहकारी संस्थाको नाम: | जारी गर्ने अधिकारी |
| दर्ता नं र दर्ता गर्ने निकाय: | नाम: |
| कार्यक्षेत्र: | पद: |
| कार्य: बचत तथा ऋणको मुख्य कारोबार | जारी मितिः |

## सहकारी संस्थाको सञ्चालन इजाजतपत्र नवीकरण

सहकारी संस्थाको नामः

इजाजतपत्र नं.: ईजाजतपत्र जारी मितिः

| सहकारी संस्थाको कार्य प्रकृति | आ. व. को नवीकरण | इजाजतपत्र नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत र छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २०३

मितिः २०८२/१०/२९

नेपाल संवत् ११४६

विषयः सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ बमोजिम विवरण प्रविष्टि गर्ने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणको प.सं. २०८२/०८३, च.नं. ६०७, मिति २०८२/१०/२२ को सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ बमोजिम विवरण प्रविष्टि गर्ने सम्बन्धी पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

नोटः माग भए बमोजिमको विवरण राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा उपलब्ध गराई दिनुहुन।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः-

श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

National Cooperatives Regulatory Authority (NCRA)

(स्थापना-२०८१)

Website: www.ncra.gov.np
फोन नं. ०१-५०१०१३१
०१-५०१०२३७
E-mail:
admin@ncra.gov.np
info@ncra.gov.np
पुल्चोक, ललितपुर

पत्र संख्या : ०८२/०८३
चलानी नं. : ८०६

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
(स्थापना-२०८१)
नेपाल सरकार

मितिः २०८२/१०/२२
ने.सं: ११४६ सिल्लागा ४, बिहीबार

श्री भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २६५६
दर्ता मितिः- १०/२४

विषय : परिपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा यस प्राधिकरणबाट "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" जारी गरी मिति २०८२ मंसिर १० गतेदेखि अभिलेखीकरणको कार्य गरिरहेको र सो सम्बन्धमा अभिलेखीकरण हुनुपर्ने सहकारी संस्था मध्ये धेरै सहकारी संस्थाहरुबाट विवरण नै प्रविष्ट नभएको र भएकाहरुबाट पनि मापदण्ड बमोजिमको विवरण प्रविष्ट नभएकोले अपेक्षित संख्यामा अभिलेखीकरण गरी प्रमाणपत्र जारी नभएकोले प्राधिकरणको २१औं बैठकबाट पुनः मापदण्ड संशोधन गरी अभिलेखीकरण कार्यको लागि मिति २०८२/१०/१३ मा प्रकाशित सूचनाको प्रतिलिपी यसै साथ संलग्न छ। अतः प्रकाशित सूचना बमोजिम अभिलेखीकरणको कार्यलाई प्रभावकारी बनाउनको लागि प्रदेशको सहकारी हेर्ने मन्त्रालय/ सहकारी रजिष्ट्रारको कार्यालय तथा स्थानीय तहहरु मार्फत सहकारीहरुलाई सूचना प्रवाह तथा अभिलेख प्रविष्टिको कार्यलाई सहयोग तथा सहजीकरण गर्नका लागि परिपत्र गर्नुपर्ने देखिएकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्रदेश सरकार र स्थानीय तहहरुमा परिपत्र गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ।

२०८२/१०/२२
..........
(जमुना काफ्ले)
शाखा अधिकृत

**बोधार्थः**
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार

# राष्ट्रिय सहकारी नियमन प्राधिकरण

## National Cooperatives Regulatory Authority

(स्थापना - २०८१)

पत्र संख्या

चलानी नं

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
स्थापना-२०८१

नेपाल सरकार

### सूचना!!!

सहकारी ऐन, २०७४ बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने बचत तथा ऋण, कृषि, बहुउद्देश्यीय लगायतका सहकारी संस्थाहरुलाई ऐनको दफा २०क. बमोजिम दर्ता तथा वर्गीकरण गर्ने जिम्मेवारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई तोकिएको व्यहोरा विदितै छ। उक्त प्रयोजनका लागि प्राधिकरणबाट मिति २०८२ असोज १० गते बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी मापदण्ड (संशोधन सहित), जारी भई, मिति २०८२ मंसिर १० गतेदेखि दर्ता तथा अभिलेखीकरण सम्बन्धी सफ्टवेयर (Financial Cooperative Registration System) कार्यान्वयनमा आई इजाजत प्रदान गर्ने प्रक्रिया प्रारम्भ भएको छ।

यस प्राधिकरणबाट इजाजतपत्र नलिई बचत तथा ऋणको कारोबार गरेमा मापदण्डको दफा ४ को उपदफा ३ बमोजिमको कारबाही सहित देहाय बमोजिमका जटिलता आउन सक्नेछन्:

- धितो रोक्का तथा दृष्टिबन्धक गर्ने कार्यमा,
- करचुक्ता लिन,
- कर्जा सूचना केन्द्रको सदस्य हुन,
- वार्षिक वाह्य लेखापरिक्षण गर्न,
- कारोबार रोक्का हुनसक्ने,
- ठगीमा कारबाही हुनसक्ने,
- संस्थाको दर्ता खारेजी हुनसक्ने।

अत: प्राधिकरणले तोके बमोजिमको समयसीमा (मिति २०८२ फागुन ११) भित्र दर्ता अभिलेखीकरण प्रक्रियामा सहभागी भई कारोबार सञ्चालन इजाजतपत्र लिनुहुन सम्वन्धित सबै सहकारी संस्थालाई यो सूचना जारी गरिएको छ।

(केशवराज [illegible])
निर्देशक